दुधौली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुधौली, सिन्धुली
प्रदेश नं. ३, नेपाल

**क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट ट्रेक्टर ट्रली सहित खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशन मिति : ( २०७५/०६/०६ गते)**

यस कार्यालयको आ.व.२०७५।०७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको यान्त्रिक उपकरण सार्वजनिक खरिद ऐन (२०६३ पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १(क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने ( क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादक वा आधिकारिक बिक्रेताहरुबाट उक्त मेशिन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र ,सो को अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त मेशिन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र,उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मुल्य,गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन १२ बजेसम्म यस कार्यालयमा छुटाछुट्टै निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन सहित) को नियम ३१ (ख) बमोजिम आहवान गरिएको छ । कार्यालयमा दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरु सोही दिन १४.०० बजे खोलिनेछ । पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | ट्रेक्टर 4WD ट्रली सहित (२ वटा) | 4 strokes, 4 cylinders, water cooled diesel engine with Max. Power Output in the range 60 HP Category at rated rpm | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत technical specification बमोजिम हुनेछ । |

..................................

प्रमुख प्रशासकिय अधिकृत